कञ्चन गाउँपालिका

Kanchan Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office Of The Rural Municipal Executive

कञ्चन-२, रुपन्देही

Kanchan-2, Rupandehi

पत्र संख्या / Ref No :- ०८०/०८१

चलानी नं. / Dispatch No.:- ६३०

लुम्बिनी प्रदेश, नेपाल

*Lumbini Province, Nepal*

मितिः-२०८०/०८/०५

बिषयः वैदेशिक रोजगार छात्रवृत्ति सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सबै,
कञ्चन गाउँपालिका,रुपन्देही ।

प्रस्तुत विषयमा वैदेशिक रोजगार वोर्डको सचिवालय बबरमहल काठमाडौंको मिति २०८०/०८/०४ गते प्रकाशित वैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने वारेको सूचना यसै पत्रसाथ संगलग्न छ। सो सुचना अध्ययन गरी सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

२०८०/०८/०५

(सागर गौतम)
प्रमुख प्रशासकीय अधिकृत

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः- श्री सूचना प्रविधि शाखा, कञ्चन गाउँपालिका- वेवसाइटमा राखिदिनुहुन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार बोर्डको सचिवालयको

**वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने बारेको सूचना**

**प्रथम पटक नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकासित मिति : २०८०।०८।०४**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरुपमा असक्त वा गम्भीर बिरामी भएका कामदारका बालवालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) वमोजिमको ढाँचामा २०८० साल पुस ८ गते भित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकाय**

- आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसुची १ वमोजिमको ढाँचामा ।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु**

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भइ वैदेशिक रोजगार बोर्डबाट शत **प्रतिशत (१००%) आर्थिक सहायता** लिएका कामदारका छोरा/छोरी ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- **मिति २०८० कार्तिक मसान्तसम्म** उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक शत्र २०८० को छात्रवृत्ति उपलव्ध गराइनेछ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु (नयाँ आवेदकका लागि)**

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात ।
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज ।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि ।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको वैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि ।
- सम्बन्धित स्थानीय तहको सिफारिस ।

**साविकमा प्राप्त गरिरहेका बालवालिकाका लागि**

- विद्यार्थीको निवेदन ।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही
दर्ता नं. :- ५४८
मिति :- २०८०।०८।०५
दर्ता गर्ने :-

- कामदारको राहदानीको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको वैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि ।

छात्रवृत्तिको सीमा

- वार्षिक रुपमा आधारभुत तहका लागि रु १२,०००। (बाह्र हजार) र माध्यमिक तहका लागि रु १६,०००। ( सोह्र हजार) प्रदान गरिने छ ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति उपलव्ध गराइनेछ ।

विद्यालयको जिम्मेवारी

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने ।
- पेश भएका निवेदन संकलन गरी वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु जाँचवुझ गर्नु पर्नेछ ।
- जाँचवुझबाट उपयुक्त ठहर गरेका निवेदनहरु सो कार्यविधिको अनुसुचि (२) को ढाँचामा सिफारिस सहित सम्वन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

स्थानीय तहको जिम्मेवारी

- स्थानीय तह भित्रका सबै विद्यालयहरुलाइसो विद्यालयमा अध्ययनरत वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि , २०८० वमोजिम छात्रवृत्ति पाउने विवरण संकलन गरी स्थानीय तहमा पेश गर्न जानकारी गराउने ।
- सम्बन्धित विद्यालयबाट सिफरिस सहित प्राप्त हुन आएका निवेदनहरुलाई जाँच गरी स्थानीय शिक्ष समितिको निर्णय सहित कार्यविधिको अनुसुची (३) मा उल्लेखित विवरण खुल्ने वैदेशिक रोजगार बोर्डमा पठाउने ।

(थप जानकारी श्रम कल सेन्टरको टोल फ्रि नं ११४१, वैदेशिक रोजगार बोर्ड सचिवालयको फोन नं ०१-५३२०३११,४३३ तथा वेवसाइट www.feb.gov.np बाट प्राप्त गर्न सकिने छ ।)

## अनुसूची - १
### (छात्रवृत्तिका लागिदिने निवेदनको ढाँचा)
(कार्यविधिको दफा ८ (क) सँग सम्वन्धित)

मिति ... ... ... ...

श्री प्रधानाध्यापकज्यू

................................

विषय : छात्रवृत्ति उपलब्ध गराइ पाउँ।

महोदय,

उपरोक्त सम्वन्धमा मेरो (बुवा/आमा) नाताको (फलानो)................................. वैदेशिक रोजगारीकासिलसिलामामिति ......................... मा(फलानो) ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्तविरामीभएकाले परिवारको शैक्षिकविकासकालागि नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार प्रवर्द्धन बोर्डवाट प्राप्त हुँने छात्रवृत्ति दिलाईपाउँ ।

संलग्न कागजातहरू

क) श्रम स्वीकृतिको निस्साको प्रतिलिपि - (कामदारको)

ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - (अविभावकको)

ग) मृत्युदर्ताको प्रमाणपत्रवाअंगभंगवागंभीर विरामीभएको प्रमाणित गर्ने सरकारी मान्यताप्राप्तचिकित्सकको प्रमाणपत्रको प्रतिलिपि

घ) नाताप्रमाणित प्रमाणपत्रको प्रतिलिपि

ङ) वैदेशिक रोजगारीकासिलसिलामा मृत्यु वाअङ्गभङ्गभएको भन्ने सम्वन्धित स्थानीयनिकायको सिफारिश ।

निवेदक

नाम, थर :

ठेगाना:

फोन नं. :

कक्षा:

रोल नं. :

अनुसूची-११

(दफा १३ को उपदफा (३) को खण्ड (ख) सँग सम्वन्धित)

वैदेशिक रोजगार छात्रवृत्तिका लागि दिनुपर्ने निवेदनको ढाँचा

मिति : २० / /

श्री ..........................................

..........................................

**विषयः छात्रवृत्ति सम्बन्धमा।**

मेरो......................नाताको श्री ................................................ वैदेशिक रोजगारको सिलसिलामा मिति ..................... मा श्रम स्वीकृति लिंई ...................... मुलुकमा गएकोमा कामको सिलसिलामा मिति .............................. मा मृत्यु/अङ्गभङ्ग/गम्भीर विरामी भएको र बोर्ड सचिवालयबाट मिति .........................मा ........प्रतिशत आर्थिक सहायता प्राप्त गरेको हुँदा बोर्ड सचिवालयबाट प्रकाशित सूचना बमोजिम छात्रवृत्तिका लागि सिफारिस गरिदिनुहुन अनुरोध गर्दछु।

<u>संलग्न कागजात</u>

१. जन्म दर्ताको प्रतिलिपि

२. मृत्यु भएको वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको भए पुष्टि हुने प्रमाण

३. नाता प्रमाण (कामदार, निवेदक, विद्यार्थी)

४. विद्यार्थी

(क) नाम :

(ख) कक्षा :

(ग) जन्मदर्ता

(घ) विद्यालय वा गा.पा./न.पा.को सिफारिस

५. कामदारको राहदानीको प्रतिलिपि

६. निवेदक/अभिभावकको नागरिकताको प्रतिलिपि

७. अध्ययनरत वा अध्ययन गर्ने

(क) विद्यालय :

(ख) ठेगाना :

<u>निवेदक</u>

हस्ताक्षर :

नाम :

ठेगाना :

सम्पर्क फोन :

विद्यार्थीसँगको नाता :